


नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४९ | अङ्क ४ | पुस २०८१ | डिसेम्बर २०२४-जनवरी २०२५

# गभर्नर अधिकारी 60th SEACEN Governors' Conference / 44th SEACEN Governors' Meeting मा सहभागी




गभर्नर महाप्रसाद अधिकारी मङ्सिर २१ र २२ गते दक्षिण कोरियाको राजधानी सिओलमा आयोजित '60th SEACEN Governors' Conference' र '44th SEACEN Governors' Meeting' मा सहभागी हुनुभयो।

SEACEN Centre र बैंक अफ कोरियाद्वारा संयुक्त रूपमा आयोजित उक्त सम्मेलनको पहिलो दिन बैंक अफ कोरियाका गभर्नर चाङ योङ रीले स्वागत मन्तव्यमार्फत सम्मेलनको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्नुभयो भने SEACEN Centre का कार्यकारी निर्देशक डा. सिनयोङ पार्कले उद्घाटन मन्तव्य राख्नुभयो।

उक्त अवसरमा दुई वटा सत्रमार्फत 'Prospects for Global Economy and Financial Markets in 2025' र 'Policy Implications of Geo-economic Fragmentation for the Asian Economies' विषयमा गभर्नरहरूबीच प्यानल छलफल सम्पन्न भएको थियो। छलफलमा विश्व अर्थतन्त्रले सामना गरिरहेको न्यून आर्थिक वृद्धि, मुद्रास्फीतिको दवाब, उच्च ब्याजदर, भू-राजनीतिक तनाव, वित्तीय बजारको सम्भावना, भू-आर्थिक खण्डीकरणमा नीतिगत प्रभावबारे विस्तृत चर्चा गरिएको थियो।

सम्मेलनको दोस्रो सत्रमा गभर्नर अधिकारी प्यानलिस्टको भूमिकामा सहभागी हुनुभई भू-आर्थिक खण्डीकरणका कारण नेपालजस्ता मुलुकले सामना गर्नुपरेका चुनौती, निर्यातको घट्दो अवसर, छिमेकी देशसहित एसियाली मुलुकहरूसँगको बढ्दो व्यापार निर्भरता तथा विप्रेषण आप्रवाहमा पर्ने प्रभावले गरिबी निवारणमा देखिने असर, वातावरणीय प्रभाव, दिगो आर्थिक विकासमा पार्नसक्ने असर र सोको निराकरणका लागि क्षेत्रीय सहकार्य, बहुपक्षीय समाधान तथा लचिलो नीति प्रभावकारी हुने धारणा राख्नुभयो। उक्त कार्यक्रममा SEACEN का सदस्य केन्द्रीय बैंकका गभर्नर तथा उच्च अधिकारीहरूको सहभागिता थियो।

कार्यक्रमको दोस्रो दिन 44th SEACEN Board of Governors' (BOG) Meeting बैंक अफ कोरियाका गभर्नर चाङ योङ रीको अध्यक्षतामा बसेको थियो। उक्त बैठकमा सन् २०२४ मा भएका गतिविधि, चालु रणनीतिक योजनाको कार्यान्वयन अवस्था, सन् २०२५ का लागि प्रस्तावित कार्यक्रम, अनुसन्धान, बजेटलगायतका विषयमा छलफल गरी सहभागी गभर्नरहरूको राय सुझावका आधारमा प्रस्ताव अनुमोदन भएको थियो। SEACEN को सन् २०२५ को अध्यक्षता बैंक इन्डोनेसियालाई हस्तान्तरण गरी ६१औँ गभर्नरहरूको सम्मेलन र ४५औं बोर्ड अफ गभर्नरहरूको बैठक इन्डोनेसियामा हुने जनाइएको छ।

सम्मेलनमा सहभागी भई गभर्नर अधिकारी मङ्सिर २४ गते स्वदेश फर्कनुभयो। कार्यक्रममा मानव संसाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरे, गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटा र सहायक निर्देशक समीरहरि शर्माको समेत सहभागिता थियो। ■

# गभर्नर अधिकारी High-Level Policy Conference of Central Banks from the Global South मा सहभागी




गभर्नर महाप्रसाद अधिकारी मङ्सिर ६ र ७ गते भारतको मुम्बईमा आयोजित 'High-Level Policy Conference of Central Banks from the Global South' मा सहभागी हुनुभयो।

भारतीय रिजर्भ बैंकले आफ्नो स्थापनाको ९० औं वर्षका अवसरमा आयोजना गरेको उक्त सम्मेलनमा Global South का केन्द्रीय बैंकका गभर्नर, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक समूह, बैंक फर इन्टरनेसनल सेटलमेन्ट, स्विफ्टलगायतका भुक्तानी प्रणालीसँग सम्बन्धित क्षेत्रका प्रतिनिधिसहित १८ देशका विज्ञको सहभागिता थियो। रिजर्भ बैंकका गभर्नर शक्तिकान्त दास प्रमुख वक्ता रहनुभएको सो सम्मेलनमा आर्थिक वृद्धि र मुद्रास्फीतिको सन्तुलन, मौद्रिक नीतिको सञ्चार, फिनटेक र डिजिटल बैंकिङ, विदेशी विनिमय सञ्चिति व्यवस्थापन, नियमन र सुपरिवेक्षणजस्ता क्षेत्रमा Global South का केन्द्रीय बैंकले भोगेका चुनौती, अनुभव र आगामी दिशाबारे विभिन्न सत्रमा छलफल भएको थियो।

सम्मेलनको पहिलो दिन गभर्नर अधिकारीले 'Balancing Growth and Inflation in the Global South' विषयक प्यानल छलफलमा प्लानलिस्टको रूपमा आर्थिक वृद्धि र मुद्रास्फीति सन्तुलनका सैद्धान्तिक पक्ष र Global South अर्थतन्त्रका कठिनाइ, नेपालजस्तो भुपरिवेष्टित एवम् स्थिर विनिमयदर भएको मुलुकले लिनसक्ने नीतिगत कार्यदिशालगायत विषयमा धारणा राख्नुभयो। साथै, सोही दिनको चौथो सत्रमा कोभिड-१९ र तत्पश्चात् विकसित भूराजनीतिक तनावले मूल्य स्थिरता, बाह्य क्षेत्र र वित्तीय स्थायित्वमा नेपाल राष्ट्र बैंकले चालेका कदमको अनुभव प्रस्तुत गर्नुभयो। यस्ता उच्चस्तरीय क्षेत्रीय छलफल मञ्चको आवश्यकता बढेको सन्दर्भमा र Global South केन्द्रीय बैंकहरूबीच समन्वय गर्न भारतीय रिजर्भ बैंकले खेलेको भूमिका महत्त्वपूर्ण रहेको धारणासमेत उहाँले राख्नुभयो।

उक्त सम्मेलनमा बैंकको आर्थिक अनुसन्धान विभागका उप-निर्देशक डा. गुणराज भट्टको पनि सहभागिता थियो। ■

# मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक

नेपाल राष्ट्र बैंकले आ.व. २०८१/८२ को निम्ति जारी गरिएको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ। बैंकले २०८१ मङ्सिर १४ गते उक्त समीक्षा सार्वजनिक गरेको हो।

समीक्षामार्फत मौद्रिक नीतिको विद्यमान नीतिगत दरलाई ५.० प्रतिशत, ब्याजदर करिडोर अन्तर्गतको तल्लो सीमाको रूपमा रहेको निक्षेप सङ्कलन दरलाई ३.०० प्रतिशत र ब्याजदर करिडोरअन्तर्गतको माथिल्लो सीमाको रूपमा रहेको बैंक दरलाई ६.५ प्रतिशतमा यथावत् राखिएको छ। यस्तै, अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातलाई पनि यथावत् राखिएको छ। मौद्रिक नीतिको पहिलो त्रयमाससम्मको कार्यान्वयन स्थिति, आन्तरिक तथा बाह्य आर्थिक एवम् वित्तीय अवस्था र समष्टिगत आर्थिक परिदृश्यका आधारमा मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा गरिएको जनाइएको छ।

मौद्रिक नीतिको कार्यदिशालाई दिइएको निरन्तरताबाट मूल्य स्थिरता तथा बाह्य क्षेत्र स्थायित्व कायम राख्दै आर्थिक क्रियाकलाप विस्तारमा थप सहयोग पुगी नेपाल सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा बैंकले गरेको छ। ■

# बैंक तथा वित्तीय संस्थाका अनुपालना अधिकृतसँग अन्तरक्रिया



सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाले मङ्सिर २७ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी निवारणका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, पूर्वाधार विकास बैंक र निक्षेप सङ्कलन गर्ने लघुवित्त वित्तीय संस्थाका सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अनुपालना अधिकृतहरूको सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो।

सो अवसरमा महाशाखाबाट दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। उप-निर्देशक शिखा अधिकारीले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसँग सम्बन्धित समसामयिक विषय र स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियत र अर्का उप-निर्देशक अभियान उपाध्यायले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसँग सम्बन्धित कानुनको संशोधित व्यवस्था, नियम, निर्देशिकासहित नेपालको पारस्परिक मूल्याङ्कनको विद्यमान अवस्था र बैंक तथा वित्तीय संस्थाले महाशाखालाई गर्नुपर्ने रिपोर्टिङबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। तत्पश्चात् सहभागीहरूबीच सम्पत्ति शुद्धीकरण निवारणका विविध विषयमा छलफल भएको थियो।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका का.मु कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले सम्पत्ति शुद्धीकरण निवारणका लागि नियमनकारी/सुपरिवेक्षकीय निकाय, बैंक तथा वित्तीय संस्थाहरूबीच समन्वय हुनुपर्ने, कारोबारको स्रोत ठिक रहे/नरहेको यकिन गर्नुपर्ने र केन्द्रीकृत ग्राहक पहिचान लागु गर्न ग्राहकको विस्तृत विवरण आवश्यक पर्ने लगायतका सुझाव दिनुभयो।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक रामु पौडेलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि जारी गरिएका कानुनी र नीतिगत व्यवस्थाको पालनालाई बैंक तथा वित्तीय संस्थाले उच्च प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुभयो।

सो अवसरमा निर्देशक शैलेन्द्र रेग्मीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक प्रदीप बानियाँले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# इकाइद्वारा विभिन्न निकायसँग अन्तरक्रिया



वित्तीय जानकारी इकाइले मङ्सिर ७ गते सम्पत्ति शुद्धीकरण निवारणका विविध विषयमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आमविनाशका हातहतियार निर्माण र विस्तारमा वित्तीय लगानी निवारण, पारस्परिक मूल्याङ्कन तथा अन्तरनिकाय सहकार्य/समन्वय/पृष्ठपोषणका सम्बन्धमा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी, आन्तरिक राजस्व विभाग, कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग, भूमि व्यवस्थापन

तथा अभिलेख विभाग, समाज कल्याण परिषद्, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसँगै गैरवित्तीय पेसाकर्मीहरूको सहभागिता थियो ।

सो अवसरमा इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठले 'सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा सम्बद्ध निकायको भूमिका र अन्तरनिकाय सहकार्य/समन्वय/पृष्ठपोषण' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सोपश्चात् आयोजित छलफल सत्रमा सहभागीहरूबीच सूचक संस्था, कानुन कार्यान्वयन गर्ने निकाय र अन्य निकायका सहभागीहरूबीच वास्तविक धनीको पहिचान, गोपनीयता, लक्षित वित्तीय निर्णय, सम्बद्ध कसुरको प्रवृत्ति, अन्तरनिकाय सूचना आदानप्रदानका क्रममा देखिएका समस्या, सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा नेपाल प्रहरीबाट भइरहेका प्रयासलगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा नायब महान्यायाधिवक्ता तथा अनुसन्धान समन्वय संयन्त्रका संयोजक सञ्जिवराज रेग्मीले सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित कानुनी विषयमा स्पष्ट पार्दै जोखिममा आधारित रहेर कानुन कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक सुमन दाहालले सम्पत्ति शुद्धीकरण निवारणका क्षेत्रमा नेपालले छोटो अवधिमै धेरै लक्ष्य हासिल गर्नुपर्ने अवस्था रहेको उल्लेख गर्दै त्यसको निम्ति अन्तरनिकाय सहकार्य र पृष्ठपोषणको महत्त्वमाथि प्रकाश पार्नुभयो ।

सो अवसरमा नेपाल राष्ट्र बैंकका निर्देशक डा. हरिकुमार नेपालले सम्पत्ति शुद्धीकरण निवारणमा जोखिममा आधारित प्रणालीको प्रभावकारिताको लागि सम्बद्ध निकायले आ-आफ्ना क्षेत्रको जोखिम मूल्याङ्कन गरी सोही अनुरूपका कार्यहरू अघि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो । नेपाल राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाका उप-निर्देशक शिखा अधिकारी (रेग्मी)ले उक्त महाशाखाको जिम्मेवारीबारे उल्लेख गर्दै सम्पत्ति शुद्धीकरण निवारणमा सूचक संस्थाहरूको भूमिकाको चर्चा गर्नुभयो ।

कार्यक्रममा इकाइका प्रमुख वासुदेव भट्टराईले सम्पत्ति शुद्धीकरण निवारण र आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका सन्दर्भमा सबै सरोकारवाला निकायबीच समन्वय र सहकार्यका माध्यमबाट पारस्परिक मूल्याङ्कनले औंल्याएका विषयमा प्रगति हुने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्य र नेपालको पारस्परिक मूल्याङ्कनको प्रगतिबारे जानकारी दिनुभयो भने इकाइका सहायक निर्देशक किशोर महराले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# गैर-वित्तीय पेसाकर्मी र व्यवसायीहरूसँग कार्यशाला गोष्ठी




वित्तीय जानकारी इकाइले मङ्सिर २७ गते काठमाडौंमा गैर-वित्तीय पेसाकर्मी र व्यवसायीको सहभागितामा कार्यशाला गोष्ठी आयोजना गऱ्यो ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा पर्यटन मन्त्रालय, पर्यटन विभाग, आन्तरिक राजस्व विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल कानुन व्यवसायी परिषद् नेपाल क्यासिनो एसोसिएसन, नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभुषण व्यवसायी महासंघ, नेपाल हस्तकला महासंघ, नेपाल जग्गा तथा आवास विकास संघ, नेपाल नोटरी पब्लिक एसोसिएसन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ, नेपाल अडिटर्स एसोसिएसन, नेपाल बार एसोसिएसनसँगै लेखापरीक्षण व्यवसायी, कानुन व्यवसायीसहित ६० जनाभन्दा बढीको सहभागिता थियो ।

सो अवसरमा नेपाल राष्ट्र बैंकका निर्देशक डा. हरिकुमार नेपालले 'सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणमा गैर-वित्तीय पेसाकर्मी र व्यवसायीको भूमिका, नियमन तथा सुपरिवेक्षण व्यवस्था र पारस्परिक मूल्याङ्कनमा उक्त क्षेत्रमा औंल्याइएका सुझाव' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा पर्यटन विभागका महानिर्देशक डा. नारायणप्रसाद रेग्मीले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि सबै क्षेत्रको क्रियाशीलता आवश्यक रहेको धारणा राख्नुभयो । आन्तरिक राजस्व विभागका उप-महानिर्देशक कविता रेग्मीले सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा विभागले वार्षिक कार्ययोजना बनाई अनुगमन र अनुसन्धानको कार्य सुरु गरेको जानकारी दिनुभयो ।

सो अवसरमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका प्राविधिक निर्देशक किरणकुमार खत्रीले संस्थाका तर्फबाट गैर-वित्तीय व्यवसायी तथा पेसाकर्मीसँग सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी कार्यहरू नियमित रूपमा सम्पादन हुँदै आएको बताउनुभयो ।

कार्यक्रममा इकाइका प्रमुख वासुदेव भट्टराईले समापन मन्तव्य राख्दै सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणमा सूचक संस्था, नियमनकारी निकाय र अनुसन्धानकारी निकायहरूबीच प्रभावकारी समन्वय हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा इकाइका उप-निर्देशक विष्णुप्रसाद गुरागाईंले स्वागत मन्तव्य राख्दै गोष्ठीको औचित्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक कमल पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सिद्धार्थनगरमा लेखा निर्देशिकासम्बन्धी अनुशिक्षण




वित्त व्यवस्थापन विभागले मङ्सिर २१ गते रुपन्देहीको सिद्धार्थनगरमा 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८०' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक रामप्रसाद गौतमको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा वित्त व्यवस्थापन विभागसहित सूचना प्रविधि विभाग, आन्तरिक लेखापरीक्षण विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभाग, बैंकिङ विभाग, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, वित्तीय जानकारी इकाइ, सिद्धार्थनगर कार्यालय, धनगढी कार्यालय, नेपालगञ्ज कार्यालय र सुर्खेत कार्यालयका २८ जना कर्मचारीको सहभागिता थियो ।

कार्यक्रमको व्यावसायिक सत्रमा दुई वटा वार्ता प्रस्तुत गरिएको थियो । त्यस क्रममा विभागका निर्देशक मीना पाण्डेले 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८०' को भाग ३ र ४ मा तथा सहायक निर्देशक तृष्णा अधिकारीले भाग १ र २ मा उल्लिखित व्यवस्थाका बारेमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल भएको थियो ।

सो अवसरमा कार्यकारी निर्देशक गौतमले बैंकमा हुने वित्तीय करोबारको लेखाङ्कनका सन्दर्भमा उक्त निर्देशिका प्रमुख दस्तावेज रहेको उल्लेख गर्दै निर्देशिकाका विशेषताबारे चर्चा गर्नुभयो । सिद्धार्थनगर कार्यालयका निर्देशक विज्ञानराज सुवेदीले बैंकका दैनिक कार्यसम्पादनका क्रममा हुने वित्तीय कारोबारको लेखाङ्कन र अभिलेखनमा देखिने व्यावहारिक कठिनाइबारे छलफल र समस्याको निराकरणका सन्दर्भमा यस्तो कार्यक्रम फलदायी हुने धारणा राख्नुभयो ।

सो अवसरमा विभागका निर्देशक पाण्डेले स्वागत मन्तव्य राख्दै अनुशिक्षण कार्यक्रमको औचित्य र सान्दर्भिकताबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक रामकाजी खाइजूले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जनकपुरमा सरकारी कारोबारसम्बन्धी अनुशिक्षण




जनकपुर कार्यालयले मङ्सिर १९ गते 'प्रदेश सरकारको सरकारी कारोबार सञ्चालन तथा व्यवस्थापन र हिसाबमिलान' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

प्रदेश लेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित वाणिज्य बैंकका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा बैंकिङ विभागका उप-निर्देशक जनकराज सापकोटाले सरकारी बैंकिङ कारोबारमा नेपाल राष्ट्र बैंकको महत्त्वपूर्ण जिम्मेवारी रहेको उल्लेख गर्दै प्रदेश सरकारको खाता, सञ्चित कोष खाता सञ्चालन र कोष व्यवस्थापनका नीतिगत व्यवस्था, सरकारी कारोबारको लेखाङ्कन, हिसाबमिलान र कोषको स्थितिबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा प्रदेश लेखा नियन्त्रक डा. वीरेन्द्रकुमार मिश्रले प्रदेश सरकार, स्थानीय सरकार, नेपाल राष्ट्र बैंक र सरकारी कारोबार गर्ने वाणिज्य बैंकबीचको समन्वयबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । जनकपुर कार्यालयका सहायक उमङ्ग कटुवालले मधेश प्रदेश सरकारको आ.व.२०८१/८२ को विभिन्न समयका कोषको स्थिति, सरकारी कारोबार सञ्चालन र हिसाबमिलानमा देखिएका प्रमुख समस्या र चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक माधव दंगालले समापन मन्तव्य राख्दै सरकारी निकाय, राष्ट्र बैंक र सरकारी कारोबार गर्ने वाणिज्य बैंकहरूबीच समन्वय हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा उप-निर्देशक सृजना बज्राचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक छविलाल भण्डारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# नाम्चेबजार र सुर्खेतमा नोट व्यवस्थापनसम्बन्धी गोष्ठी सम्पन्न

मुद्रा व्यवस्थापन विभागले कात्तिक २७ गते सोलुखुम्बुको नाम्चेबजारमा बैंकनोटका सुरक्षण विशेषता, जाली नोट पहिचान र सफा नोट नीतिका सम्बन्धमा गोष्ठी आयोजना गर्‍यो ।

विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालको उपस्थितिमा आयोजित गोष्ठीमा नाम्चेस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, प्रहरी, पर्यटन व्यवसायी, स्थानीय व्यापारीलगायतको सहभागिता थियो । कार्यक्रममा विभागका सहायक निर्देशक समुन्द्र सापकोटाले बैंकनोटका सुरक्षण विशेषता र जालीनोट पहिचानका विधि र सहायक निर्देशक रेशमबहादुर बल्छौडीले सफा नोट नीतिका व्यवस्था तथा सोको प्रभावकारी कार्यान्वयनमा बैंक तथा वित्तीय संस्थाले पालना गर्नुपर्ने विषयका सन्दर्भमा वार्ता प्रस्तुत गर्नुभयो ।

सोपश्चात् कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो । कार्यक्रममा विभागका कार्यकारी निर्देशक पौड्यालले सहभागीबाट उठेका जिज्ञासालाई सम्बोधन गर्दै मुद्रा व्यवस्थापनका विविध पक्षबारे चर्चा गर्नुभयो ।

सो अवसरमा विभागका निर्देशक दीर्घबहादुर रावलले स्वागत मन्तव्य राख्दै गोष्ठीको उद्देश्य र औचित्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक गोपाल महर्जनले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



यसै गरी, सुर्खेत कार्यालयले मङ्सिर २० गते वीरेन्द्रनगरमा 'सफा नोट नीति, नेपाली नोटको सुरक्षा विशेषता, शङ्कास्पद नोट पहिचान तथा नियन्त्रणको लागि चाल्नुपर्ने कदम' विषयक गोष्ठी आयोजना गर्‍यो ।

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालको उपस्थितिमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा वीरेन्द्रनगरस्थित बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, जीवन तथा निर्जीवन बीमा कम्पनी, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि, कार्यालयका कर्मचारीसँगै अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा विभागका उप-निर्देशक दीपक पोखरेलले सफा नोट नीति, नेपाली नोटको सुरक्षा विशेषता, शङ्कास्पद नोट पहिचान तथा नियन्त्रणका लागि चाल्नुपर्ने कदम र कार्यालयका प्रमुख बाबुराम कोइरालाले सफा नोट नीतिमा सरोकारवालाको भूमिका र नोट सट्टाभर्नाको प्रक्रियाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सोपश्चात् सहभागीहरूबीच कार्यपत्रमाथि छलफल भएको थियो ।

गोष्ठीमा कार्यकारी निर्देशक पौड्यालले सफा नोट नीतिको औचित्य, समग्र अर्थतन्त्रमा मुद्राको अवस्था, मौद्रिक र मुद्रा व्यवस्थापनको भिन्नता, मुद्राको प्रसारलगायतका विषयमा धारणा राख्नुभयो । सो अवसरमा नेपालगञ्ज कार्यालयका निर्देशक देवेन्द्र गौतमले शुभकामना मन्तव्य राख्नुभयो भने सुर्खेत कार्यालयका सहायक निर्देशक रमेश पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■



# मुगुमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

बैंक वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले मङ्सिर १४ गते मुगुको गमगढीमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो ।

महाशाखाका निर्देशक हिमप्रसाद न्यौपानेको उपस्थितिमा आयोजित कार्यक्रममा स्थानीय व्यवसायी, कृषक, महिला, विद्यार्थीलगायतको सहभागिता थियो । सो अवसरमा महाशाखाका उप-निर्देशक वशिष्ठ अधिकारीले वित्तीय साक्षरताको अवधारणा, आधारभूत वित्तीय ज्ञान, व्यक्तिगत वित्त, बचत, ऋण, लगानी, ब्याजदर, बीमा, डिजिटल वित्तीय सेवा र सोको उपयोगसम्बन्धी आधारभूत ज्ञान, विद्युतीय भुक्तानीका फाइदा, यसको सुरक्षित प्रयोगलगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सोपश्चात् सहभागीहरूबीच सामूहिक छलफल र कार्यशाला सञ्चालन गरिएको थियो ।




कार्यक्रममा निर्देशक न्यौपानेले समापन मन्तव्य राख्दै वित्तीय समावेशीकरणको अवधारणा, वित्तीय साक्षरताको महत्त्व र चुनौतीका विषयमा चर्चा गर्नुभयो । कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाको समेत सहभागिता थियो । महाशाखाका सहायक निर्देशक कृष्ण कार्कीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वित्तीय साक्षरतासम्बन्धी विज्ञ प्रशिक्षकसँग छलफल

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले मङ्सिर १८ गते काठमाडौंमा वित्तीय साक्षरतासम्बन्धी विज्ञ प्रशिक्षकहरूसँग छलफल कार्यक्रम आयोजना गऱ्यो ।

महाशाखाका निर्देशक हिमप्रसाद न्यौपानेको उपस्थितिमा आयोजित कार्यक्रममा बैंकबाट वित्तीय साक्षरतासम्बन्धी प्रशिक्षण दिइएका र रोस्टरमा सूचीकृत रहेका विज्ञ प्रशिक्षकहरूको सहभागिता थियो । सो अवसरमा विभागका उप-निर्देशक नवीना ढकालले वित्तीय साक्षरता प्रशिक्षकबाट अपेक्षित भूमिकाबारे चर्चा गर्दै वित्तीय साक्षरता प्रशिक्षणका क्रममा देखिएका चुनौतीबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा उपस्थित वित्तीय साक्षरता विज्ञ प्रशिक्षकहरूले विगत एक वर्षको अनुभव प्रस्तुत गर्दै वित्तीय साक्षरतालाई प्रभावकारी बनाउने सन्दर्भमा सुझावहरू प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा निर्देशक न्यौपानेले सहभागीका जिज्ञासालाई सम्बोधन गर्दै वित्तीय



साक्षरता अभिवृद्धिलाई सशक्त बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । महाशाखाका उप-निर्देशक टेकराज भण्डारीले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । ■

# हायरपर्चेज कारोबार गर्ने कम्पनीका सञ्चालक र व्यवस्थापकसँग अन्तरक्रिया

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले मङ्सिर २० गते हायरपर्चेज कम्पनीका सञ्चालक र उच्च व्यवस्थापकहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

हायरपर्चेज कम्पनीको स्थलगत निरीक्षणको क्रममा देखिएका कैफियत र अन्य समसामयिक विषयमा केन्द्रित रहेर विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा विभागका उप-निर्देशकद्वय कमलप्रकाश कालाथोकी र सचिनराज पियाले स्थलगत निरीक्षणको क्रममा देखिएका कैफियत, हायरपर्चेज कारोबार गर्ने कम्पनीले पालना गर्नुपर्ने नीतिगत व्यवस्था तथा विभागलाई गर्नुपर्ने रिपोर्टिङका सैद्धान्तिक र व्यावहारिक पक्षबारे वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा सहभागीका तर्फबाट हायरपर्चेज कारोबारमा देखिएका व्यावहारिक समस्या, स्थलगत र गैर-स्थलगत निरीक्षणका क्रममा दिइएका निर्देशनको कार्यान्वयन अवस्थालगायतका विषयमा जिज्ञासा राखिएको थियो ।



कार्यक्रममा विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धरले कानुनी पूर्वाधार र नीतिगत व्यवस्थाको परिधिभित्र रहेर व्यावसायिक क्रियाकलाप सञ्चालन गर्न र स्थलगत तथा गैर-स्थलगत निरीक्षणका क्रममा दिइएका निर्देशनको कार्यान्वयन गर्न हायर पर्चेज कम्पनीलाई निर्देशन दिनुभयो ।

सो अवसरमा विभागका निर्देशक गिरिजाप्रसाद कोइरालाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक सुप्रिमा पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# गौतम कार्यकारी निर्देशकमा बढुवा

वित्त व्यवस्थापन विभागका का.मु. कार्यकारी निर्देशक रामप्रसाद गौतम अधिकृत विशिष्ट (कार्यकारी निर्देशक) पदमा बढुवा हुनुभएको छ ।

नेपाल राष्ट्र बैंक सञ्चालक समितिको २०८१ मङ्सिर १६ गते बसेको बैठकको निर्णयबाट उहाँ कार्यकारी निर्देशकमा बढुवा हुनुभएको हो । गौतम २०५४ मङ्सिर २२ गते बैंक सेवा प्रवेश गर्नुभएको थियो । *नेपाल राष्ट्र बैंक समाचार* उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ । ■

# कार्यकारी निर्देशक ढकालको अवकाश

वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले २०८१ मङ्सिर ६ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ ।

२०५४ मङ्सिर २२ गते बैंक सेवा प्रवेश गर्नुभएका ढकालले वित्त व्यवस्थापन विभागसँगै भुक्तानी प्रणाली विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग र बैंक सुपरिवेक्षण विभागको नेतृत्वसँगै बैंकका प्रवक्ताको समेत जिम्मेवारीमा सम्हाल्नुभएको थियो ।

यसै गरी, टक्सार महाशाखाका उप-निर्देशक (मेकानिकल) श्यामकुमार श्रेष्ठ मङ्सिर १२, जनकपुर कार्यालयका प्रधान चालक ज्ञानबहादुर बस्नेत मङ्सिर १४ र नेपालगञ्ज कार्यालयका कार्यालय सहयोगी प्रथम राजेन्द्रबहादुर बुढाथोकी मङ्सिर १५ देखि अवकाश हुनुभएको छ ।

उहाँहरूले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संसाधन व्यवस्थापन विभागले दिएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न




विभिन्न विभाग/कार्यालयले मङ्सिर महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्।

यसै क्रममा गभर्नरको कार्यालयले मङ्सिर ६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा फोन पे पेमेन्ट सर्भिस लिमिटेडका प्रमुख सञ्चालन अधिकृत पारस कुँवरले 'Digital Payment Methods and Their Usage in Nepal' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले डिजिटल भुक्तानी प्रणालीको पृष्ठभूमि, विद्यमान भुक्तानी प्रणालीका संयन्त्र, यसको भविष्य, भावी चुनौतीबारे चर्चा गर्नुभयो।

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले मङ्सिर ६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। कार्यक्रममा विभागका निर्देशक डा. राजनकृष्ण पन्तले 'Inflation Measurement and Dynamics in Nepal' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। सो अवसरमा उहाँले मुद्रास्फीति मापनका विधिसँगै यसको सैद्धान्तिक र व्यावहारिक पक्षबारे चर्चा गर्नुभएको थियो।

यसै गरी, नेपालगञ्ज कार्यालयले मङ्सिर १३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा कार्यालयका निर्देशक देवेन्द्र गौतमले 'Financial Statement of NRB' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले बैंकको वित्तीय विवरणको परिचय, रूपरेखा, वासलात बाहिरको कारोबार, अन्तर्राष्ट्रिय मुद्रा कोषसँग सम्बन्धित सम्पत्ति तथा दायित्व, एसडीआर, पेपर गोल्डलगायतका विषयमा जानकारी दिनुभयो। ■



## Major Financial Indicators

as on Kartik End, 2081 (Mid-Nov, 2024)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 103.55 | 10.58 | 2.34 | 116.47 |
| 2 | Total Credit/GDP | 82.02 | 8.90 | 1.79 | 92.71 |
| 3 | Total Credit/ Total Deposit** | 79.21 | 84.14 | 76.29 | 79.60 |
| 4 | CD Ratio* | 77.78 | 83.66 | 75.37 | 78.26 |
| 5 | Fixed Deposit/Total Deposit | 53.47 | 57.22 | 69.18 | 54.13 |
| 6 | Saving Deposit/Total Deposit | 32.74 | 33.56 | 21.74 | 32.59 |
| 7 | Current Deposit/Total Deposit | 5.82 | 1.72 | 1.10 | 5.36 |
| 8 | Call Deposit/Total Deposit | 7.20 | 7.46 | 7.22 | 7.22 |
| 9 | NPL/ Total Loan^ | 4.28 | 4.37 | 10.84 | 4.42 |
| 10 | Total LLP /Total Loan | 4.53 | 4.40 | 9.38 | 4.61 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.98 | 7.76 | 7.19 | 6.17 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 6.75 | 5.91 | 6.45 | 6.67 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 18.05 | 15.42 | 15.20 | 17.75 |
| 3 | Total Liquid Assets/Total Deposit | 25.71 | 24.22 | 28.13 | 25.62 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.95 | 10.54 | 12.21 | 10.04 |
| 2 | Total Capital/RWA | 12.84 | 13.53 | 14.72 | 12.93 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,065 | 1,137 | 289 | 6,491 |
| 3 | No. of Deposit Accounts | 49,043,391 | 7,259,642 | 923,270 | 57,226,303 |
| 4 | No.of Loan Accounts | 1,595,645 | 279,527 | 43,754 | 1,918,926 |
| 5 | No. of Branchless Banking Centers | 1,072 | 17 | - | 1,089 |
| 6 | No. of Branchless Banking Customers | 297,229 | 1,363 | - | 298,592 |
| 7 | No. of Mobile Banking Customers | 22,063,670 | 3,431,655 | 262,917 | 25,758,242 |
| 8 | No. of Internet Banking Customers | 1,438,385 | 602,362 | 16,691 | 2,057,438 |
| 9 | No. of ATMs | 4,834 | 349 | 41 | 5,224 |
| 10 | No. of Debit Cards | 12,043,762 | 1,133,271 | 68,807 | 13,245,840 |
| 11 | No. of Credit Cards | 297,174 | 1,979 | - | 299,153 |
| 12 | No. of Prepaid Cards | 202,435 | 2,718 | - | 205,153 |
| **E. Interest Rate(%)** | | | | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **5.01** | | | |
| | (a) Saving | 3.34 | | | |
| | (b) Fixed | 7.08 | | | |
| | (c) Call | 1.36 | | | |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **9.07** | | | |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2023/24(P) stands at Rs. 5,704,844 million (Source:https://nsonepal.gov.np/detail/post/11023)

Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Ashwin end of FY2080/81 (2023/24)

*CD Ratio = 

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०८१ मङ्सिर महिनामा विभिन्न तीन वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यसै क्रममा केन्द्रले मङ्सिर ८ देखि १४ सम्म भक्तपुरको बोडेमा 'Research Methodology and Report Writing' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। १७ वटा सेसनमा सञ्चालित उक्त तालिममा अनुसन्धान विधि, अनुसन्धान प्रस्तावना, सर्वेक्षण व्यवस्थापन, तथ्याङ्कको प्रकृति, तथ्याङ्क विश्लेषणको सैद्धान्तिक पक्ष, प्रतिवेदन लेखन, प्रस्तुतिलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो। सो अवसरमा विभिन्न विभाग/कार्यालयका अधिकृत/सहायकस्तरका ३४ जना कर्मचारीको सहभागिता थियो।

केन्द्रले मङ्सिर १६ र १७ गते बोडेमा 'Ethics and Behaviour in Organization' विषयक तालिम सञ्चालन गऱ्यो। नौ वटा सेसनमा सञ्चालित तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत सहायकस्तरका ३४ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा व्यावसायिक मूल्य, आचारसंहिता, सञ्चार सीप, कार्यस्थलमा नैतिकता, सङ्गठनात्मक व्यवहारलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले मङ्सिर २३ देखि २६ सम्म पोखरामा 'Procurement and Inventory Management in NRB' विषयक अधिकृत तथा सहायकस्तरीय तालिम सञ्चालन गऱ्यो। उक्त तालिममा सार्वजनिक खरिदका कानुनी व्यवस्था, खरिद व्यवस्थापनका विविध पक्ष, खरिद प्रक्रिया, बोलपत्र आह्वान, सम्पत्ति र लिलाम व्यवस्थापन, करार व्यवस्थापनका प्रक्रिया, स्टोर व्यवस्थापनलगायतका विषय समेटिएको थियो। ■

# नियुक्ति तथा पदस्थापन

खुला प्रतियोगितात्मक परीक्षामा उत्तीर्ण हुनुभएका छ जनालाई सहायक निर्देशक (अधिकृत तृतीय श्रेणी-सूचना प्रविधि) मा नियुक्त गरिएको छ। मङ्सिर १६ गते नियुक्त हुनुभएका उहाँहरूको विभिन्न विभाग/कार्यालयमा पदस्थापन भएको छ।



जसअनुसार सन्देश लामिछाने, बृहतरत्न बज्राचार्य र आरतीकुमारी महतो सूचना प्रविधि विभाग, सुमन थापा भुक्तानी प्रणाली विभाग, शुभेच्छा मरासिनी मानव संशाधन व्यवस्थापन विभाग र सन्दीप सुनार सम्पत्ति तथा सेवा व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ।

नवनियुक्त सहायक निर्देशक (सू.प्र.)हरूको पूर्व सेवाकालीन तालिम मङ्सिर १६ देखि २१ सम्म बैंकर्स प्रशिक्षण केन्द्र, भक्तपुरमा सम्पन्न भएको छ। ■

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
**सूचना तथा सञ्चार महाशाखा**
बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सविन ओली
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल